# नेपाल एसबिआई बैंक लिमिटेड

# एक्काईसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट)

## १. वैधानिक सभा :–

नेपाल एसबिआई बैंक लिमिटेडको एक्काईसौं वार्षिक साधारणसभा बैंकको संचालक समितिका अध्यक्ष श्री हसना शर्माको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान तथा समय :-

मिति : वि.सं. २०७१ माघ १४ गते (तदनुसार २८ जनवरी २०१५) बुधवार ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : दिनको ११:०० बजे ।

## ३. उपस्थिति :–

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री हसना शर्मा | : | अध्यक्ष |
| २. | श्री गिरीधरा किनी | : | संचालक |
| ३. | श्री गोकुलराम थापा | : | विशेषज्ञ संचालक |
| ४. | श्री आलोक कुमार शर्मा | : | प्रबन्धसंचालक |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री खेम राज खत्री | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

**ग) अन्य उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री भी.के.त्यागी | : | प्रमुख संचालन अधिकृत |
| २. | श्री अनिल कुमार सिंह | : | प्रमुख वित्तीय अधिकृत |
| ३. | श्री छपि राज पन्त | : | प्रमुख जोखिम अधिकृत |
| ४. | श्री देवराज अधिकारी | : | प्रमुख कर्जा अधिकृत (कार्यबाहक) |
| ५. | श्री रमेश घिमिरे | : | कम्पनी सचिव |
| ६. | श्री लेखनाथ पोखरेल | : | प्रमुख-लेखा परीक्षण विभाग |
| ७. | श्री सन्तोष भण्डारी | : | प्रमुख- लेखा विभाग |

८.	श्री झरना अर्ज्याल	:	बाह्य लेखापरीक्षक

९.	श्री पूर्णमान शाक्य	:	कानूनी सल्लाहकार

१०.	श्री राजेश पौडेल	:	प्रस्तावित बाह्य लेखापरीक्षक

**घ) शेयरधनीको उपस्थिति :**

स्वयं उपस्थित	: ६४८ जना ।

प्रतिनिधि मार्फत उपस्थित	: २४८३

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :–**

**क. सामान्य प्रस्तावः**

१. आ.व. २०७०/७१ का लागि संचालकसमितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ को वार्षिक अर्थिक विवरण (आषाढ मसान्त २०७१ को वासलात, आ.व. २०७०/७१ को नाफानोक्सान हिसाब र सोही अवधीको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. १८,६१,४२,७५४/- बराबर ( चुक्ता पूँजीमा ७% का दरले) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०७१/७२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंकको लेखापरीक्षण समितिको मिति १४/०७/२०७१ (३१/१०/२०१४)मा बसेको बैठकले रु.२४०,०००/- पारिश्रमिक भुक्तानी दिने गरी पिएल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्लाई लेखापरीकमा नियुक्त गर्न शिफारिश गर्ने निर्णय गरेको जानकारी गराउँदछौं) ।

५. सर्वसाधारण शेयरधनीको तर्फबाट दुई संचालकको निर्वाचन गर्ने ।

६. विविध (अध्यक्षको अनुमतिमा) ।

**ख. विशेष प्रस्तावः**

७. बैंकको अधिकृत पूँजी रु. ३,००,००,००,०००/- लाई बृद्धि गरी रु. ७ ,००,००,००,०००/- कायम गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

८. वोनस शेयर जारी गर्न तथा बैंकको प्रवन्धपत्रको दफा ५.२ (ख)मा व्यवस्था भए अनुसार सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व ३० प्रतिशत पुऱ्याउन आवश्यक पर्ने शेयर थप निश्काशन (Further Public Offering) गर्न हालको जारी पूँजी रु.२,६५,९१,८२,२००/-

लाई बृद्धि गरी रु. ३,०६,३३,९५,६००/- तथा हालको चुक्तापूँजी रु.२,६५,०२,०५,८०४/-लाई बृद्धि गरी रु. ३,०६,३३,९५,६००/- कायम गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

९. बैंकको संचालक समितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु. ३९,८८,७७,३००/- बराबर (१५% का दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

१०. उपरोक्त विशेष प्रस्ताव नं. ७ र ८ को फलस्वरुप बैंकको प्रबन्धपत्रको दफा ५.१ को खण्ड (क), (ख) र (ग) मा संशोधन गरी बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीको अंक बृद्धि गर्न स्वीकृती प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

११. बैंकको प्रबन्धपत्रको दफा ४ को उपदफा टट१ पछि टट२ थप गरी प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट आवश्यक स्वीकृति/इजाजत/सदस्यता लिई मर्चेन्ट बैंकिङ्ग, रेमिटेन्स, लघु वित्त सेवा, क्रेडिट कार्ड, ईत्यादि सम्बन्धि व्यवशाय तथा कारोवार गर्न सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु संस्थापना गर्ने सम्बन्धि व्यवस्था थप गर्न प्रबन्धपत्रको दफा ४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

१२. बैंकको प्रबन्धपत्रमा उल्लिखित उद्देश्य प्राप्तीका लागि सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु खोली कार्य आरम्भ गर्न एक आपसमा गाभ्ने गाभिने (Merger), विलय (Acquisition), प्राप्ती (Takeover) वा विदेशी/रणनीतिक साझेदार/संस्थापकबाट थप पूँजी लगानी (Infusion) गराई वा अन्य उपयुक्त माध्यमबाट बैंकको पूँजी संरचना परिवर्तन गर्न आवश्यक प्रक्रिया आरम्भ गर्न, बैंकको नेट वर्थ /सम्पत्तिको मुल्यांकन प्रयोजनका लागि Due Diligence Audit गर्ने प्रयोजनको लागि विशेषज्ञ, लेखपरीक्षक नियुक्त गर्न, थप पूँजी लगानी (Capital Infusion) का लागि शेयरको प्रिमियम मुल्य निर्धारण गर्नु पर्ने भए सो गर्न, आवश्यक सम्पूर्ण कार्यका लागि सम्बद्ध पक्षबीच सहमती पत्र (Memorandum of Understanding)/सम्झौता गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

१३. संचालक समिति तथा संचालक समितिको उपसमितिहरुको बैठकमा भाग लिएवापत समितिका अध्यक्ष तथा अन्य संचालकहरुलाई दिईने बैठक भत्ता वृद्धि गरी क्रमशः रु. १५,०००/- र रु. १२,०००/- प्रति बैठक कायम गर्न बैंकको नियमावलीको नियम २९ (ख) संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

१४. नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका संसोधित दफाहरुमा आवश्यक परिमार्जन गर्न आवस्यक भएमा सो गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

सर्वप्रथम बैंकको संचालक समितिका उपस्थित सदस्यहरू, आमन्त्रित एवं पर्यवेक्षक महानुभावहरू र बैंक व्यवस्थापनका कर्मचारीहरूले मन्च(डायस)मा आई आसन ग्रहण गर्नुभयो ।

## ५.गणपुरक संख्या :–

| कूल शेयरधनी संख्या | कूल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित | | प्रतिनिधीमार्फत | | कूल उपस्थित | | |
| | | संख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| १९,४५४ | २,६५,९१,८२२ | ६४८ | १,९३,००,९५३ | २,४८३ | ३०,६३,५४९ | ३,३३१ | २,२३,६४,५०२ | ८४.१० |

## ६. सभाको वैधानिकता :–

सभाको शुरूमा आज बोलाइएको एक्काईसौं वार्षिक साधारण सभाको वैधानिकताको विषयमा छलफल भयो । आजको साधारण सभाको सूचना २०७१ पौष १० गतेको “कान्तिपुर” दैनिक, मिति २०७१ पौष १७ गतेको “कारोबार राष्ट्रिय आर्थिक” दैनिक तथा २०७१ माघ ८ गतेको “अभियान” दैनिकमा प्रकाशित गरिनुका साथै बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण तथा सभामा छलफल गरिने अन्य विषयहरू सहितको सूचना सबै शेयरधनीहरूको व्यक्तिगत ठेगानामा हुलाक तथा कुरियरमार्फत पठाइएको र इच्छुक शेयरधनीहरूले बैंकको प्रधान कार्यालयमा आएर र बैंकको वेबसाइट मार्फत समेत वार्षिक प्रतिवेदन लगायतका विषयहरू प्राप्त गरी सभामा छलफल गरिने सम्पूर्ण विषयहरूका बारेमा जानकारी लिनुभएको कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो । आजको सभामा कुल १९,४५४ शेयरधनीहरूमध्ये दिनको ११:१० बजेसम्ममा ६४८ जना शेयरधनीहरू स्वयं उपस्थित र २४८३ जना शेयरधनीहरू प्रतिनिधिमार्फत उपस्थित हुनुभई कुल चुक्ता पूँजीको ८४.१० प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने भएको र आजको एक्काईसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरूपको गणपूरक संख्यासमेत पुगेको बेहोरा कम्पनी सचिव श्री रमेश घिमिरेले सभाका अध्यक्षसमक्ष प्रस्तुत गर्नुभयो । सभा बोलाउनका लागि प्रचलित ऐन, कानूनको व्यवस्थाको पालना गरेको पाइएको र सभाको लागि आवश्यक गणपूरक संख्यासमेत पुगेको देखिएकोले सभाका अध्यक्ष श्री हसना शर्माले आजको सभाको काम-कारबाही शुरू गर्नुभयो ।



NEPAL SBI BANK LTD. KTM

सभामा भएको छलफल तथा निर्णयको विवरण देहायबमोजिम रहेकोछ :

७. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :–**

क) आज बसेको एक्काईसौं वार्षिक साधारणसभाका सभाध्यक्ष श्री हसना शर्माले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०७०/७१ को संचालकसमितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरण, २०७१ आषाढ मसान्तको वासलात, आ.व. २०७०/७१ को नाफानोक्सान हिसाब, सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत सम्बद्ध अनुसूचीहरू सहितको वार्षिक आर्थिक विवरण छलफलका लागि प्रस्तुत गर्नुभई त्यसउपरको छलफलमा भाग लिन तथा बैंकको कारोबारसम्बन्धी विविध पक्षहरूमा आफ्ना विचार तथा जिज्ञासाहरू व्यक्त गर्नका लागि शेयरधनीहरूलाई अनुरोध गर्नुभयो ।

८. **छलफलमा सहभागी हुनेहरू :–**

छलफलका क्रममा देहायमा उल्लेख भएबमोजिमका शेयरधनी महानुभावहरूले बैंकको कामकारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनका सम्बन्धमा आ-आफ्ना राय तथा जिज्ञासाहरू व्यक्त गर्नुभयो ।

- ❖ डा. माधव कुमार श्रेष्ठ
- ❖ श्री दामोदर प्रसाद रेग्मी
- ❖ श्री व्यासकुमार शर्मा
- ❖ श्री अमृत नाथ रेग्मी
- ❖ श्री नरसिंहलाल चखु
- ❖ श्री उद्धवप्रसाद घिमिरे
- ❖ श्री बैजुनाथ रौनियार
- ❖ श्री कृष्ण काश्यप
- ❖ श्री अमृतदाश रन्जित
- ❖ श्री शिव प्रसाद शर्मा
- ❖ श्री ज्योती प्रसाद कणेल
- ❖ श्री ईश्वरदास कर्माचार्य
- ❖ श्री निरन्जन कुमार टिवरेवाला
- ❖ श्री चन्द्र नारायण श्रेष्ठ
- ❖ श्री दिलिप मान श्रेष्ठ
- ❖ श्री डमरु वल्लभ घिमिरे
- ❖ श्री वाल कृष्ण श्रेष्ठ
- ❖ मेजर कुबेर श्रेष्ठ
- ❖ श्री रोजकुमार श्रेष्ठ
- ❖ श्री उत्तम पाठक
- ❖ श्री तिर्थ सिद्धि तुलाधर
- ❖ श्री राम गोपाल महर्जन
- ❖ श्री लवराज जोशी



NEPAL SBI BANK LTD. KTM

९. <u>मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर</u> :–

छलफलका क्रममा उल्लिखित शेयरधनीहरूले बैंकको काम कारोबार तथा वार्षिक आर्थिक विवरणका सम्बन्धमा आ-आफ्ना धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया व्यक्त गर्नुभयो । उहाँहरूबाट व्यक्त धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रियालाई यसै माइन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ ।

वक्ताहरूको बोल्ने क्रम सकिएपछि सभाध्यक्ष श्री हसना शर्माले बैंकको कामकारोबारका सम्बन्धमा शेयरधनीहरूबाट व्यक्त सुझाव तथा प्रतिक्रियाका लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्दै उहाँहरूबाट व्यक्त जिज्ञासालाई सम्बोधन गर्न प्रबन्ध संचालक श्री आलोक कुमार शर्मालाई अनुरोध गर्नुभयो ।

**यसक्रममा प्रबन्ध संचालक श्री आलोक कुमार शर्माले शेयरधनीहरूबाट व्यक्त जिज्ञासालाई देहाय बमोजिम सम्बोधन गर्नुभयो :**

१. साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई स्वागत गर्दै शेयरधनीहरुवाट प्राप्त सुझावले बैंकको कार्य संचालनमा, महत्वपुर्ण सहयोग पुग्ने अपेक्षा व्यक्त ।

२. अधिकांस सूचकाङ्कहरुबाट बैंकको समग्र व्यवसायिक क्रियाकलापमा प्रगति झल्किएको धारणा व्यक्त गर्दै बैंक प्रति कटिबद्ध कर्मचारीहरुको सहयोगका कारण यो प्रगति हासिल हुन सकेको धारणा व्यक्त ।

३. बैंकको प्रधान कार्यालयको लागि भवन निमार्णको सम्बन्धमा शेयरधनीहरुबाट व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले भवन निर्माणलाई प्राथमिकता (Priority) मा राखेको जानकारी ।

४. कर्मचारीको क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा शेयरधनीबाट व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंक स्थानीय कर्मचारीको सीप बढाउन निरन्तर प्रयासरत रहेको, आ.व.२०७०/७१ मा २८५ (दूई सय पचासी) जना कर्मचारीहरुलाई विभिन्न तालिम दिईएका, बैंकमा पहिले १(एक) जना मात्र मुख्य व्यवस्थापक (Chief Manager) को पद रहेकोमा १८ जूलाई २०१३ देखि मुख्य व्यवस्थापकहरुको संख्या ४ पुगेको जानकारी प्रस्तुत ।

६. विदेशी बैंकमा राखिएको निक्षेप र त्यसबाट प्राप्त आम्दानीका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै विदेशमा गरिएको लगानी एवं निक्षेप एस.बि.आई.कै सहायक

कम्पनीहरुमा रहेको र यस्ता सम्पूर्ण लगानीहरु सुरक्षित रहेको स्पष्ट पार्दै यस्तो लगानीबाट प्राप्त आम्दानीमा केही कमी भएको देखिएको भए तापनि यस्तो व्यवसायबाट हुन जाने न्यून आम्दानी समेतलाई मध्यनजर गरी स्थानीय स्रोत साधनको प्रभावकारी परिचालन मार्फत बैंकको अन्य आम्दानी बृद्धि गर्ने जानकारी प्रस्तुत ।

७. आर्मी अफिसर क्लबमा नै साधारणसभा गर्नुको कारण सम्वन्धमा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै सबैलाई पायक पर्ने केन्द्रिय रुपमा अवस्थित ठांउ भएकोले बैंकको साधारणसभा आर्मी अफिसर क्लबमा गरिएको जानकारी प्रस्तुत ।

८. कम लागतका निक्षेपतर्फ बैंकले ध्यान दिन गरिएको सुझावको सम्वन्धमा अघिल्लो वर्षको पौष मसान्तको तुलनामा २०७१ पौष मसान्तमा चल्ती तथा वचत खाताको निक्षेप ४७.०६ प्रतिशतवाट वढी ५२.३५ पुगेको र आर्थिक वर्ष २०७०/७१ मा बैंकले ५५८११ वटा नया वचत खाता खोलेको जानकारी प्रस्तुत । साथै बैंकले आफ्नो सम्पत्तिको गुणस्तरमा सुधार गर्न सक्षम भएको र बैंकको वासलातमा गैर बैंकिंग सम्पत्ति नरहेको विवरण प्रस्तत ।

९. आगामी वर्षको मुनाफा लक्ष्यको सम्बन्धमा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै संचालक समितिले स्वीकृत गरेको बैंकको वार्षिक व्यवसायिक योजना अनुरुप बैंकको रु. १०१.५२ करोड खुद मुनाफा आर्जन गर्ने लक्ष्य रहेको जानकारी प्रस्तुत । वर्तमान समय बैंकिंग क्षेत्रको लागि अनुकूल नभएतापनि शेयरधनी, कर्मचारी, संचालकसमितिको सहयोगमा आगामी वर्ष यस बर्षको खुद नाफामा न्यूनतम १० प्रतिशत वृद्दि हासिल हुने अपेक्षा व्यक्त ।

१०. बेस दर बढी भएको भन्ने सम्बन्धमा सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै बैंकको वेस दर २०७१ मंसिर मसान्तमा ६.९७ प्रतिशत रहेकोमा २०७१ पौष मसान्तमा त्यसमा ०.०८ प्रतिशतले सुधार भई बेस दर ६.८९ प्रतिशतमा झरेको र बैंकको पूँजी लागत समेत निरन्तर घट्दै गएको जानकारी प्रस्तुत ।

११. कर्जा नोक्सानी व्यवस्थाका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम नै कर्जा नोक्सानी व्यवस्था गर्ने गरिएको जानकारी प्रस्तुत ।

१२. एस.बि.आई.को बैंकिङ्ग सञ्जाल प्रयोग गरी विप्रेषण बृद्धि गर्न सभामा व्यक्त सुझावको सराहना गर्दै भारतबाट आउने विप्रेषण उल्लेख्य मात्रामा एस.बि.आई.कै सञ्जाल प्रयोग भई नेपाल आउने गरेको हुँदा बैंकले यसबाट फाइदा लिन सफल भएको धारणा व्यक्त गर्दै यस सम्बन्धमा बैंकले ग्राहकरुलाई उत्कृष्ट सेवा प्रदान गरिरहेको जानकारी प्रस्तुत ।

१३.	ग्राहकहरुको आवश्यकता अनुसार बैंकले पुराना प्रडक्टहरुमा समयानुकुल परिमार्जन गर्दै आएको जानकारी गराउँदै रिटेल कर्जा हेर्नका लागि बैंकमा छुट्टै विभाग खडा गरिएको साथै नेपाल राष्ट्र बैंकद्धारा निर्देशित गरिएअनुसार युवाहरुलाई ६ प्रतिशत व्याज दरमा व्यवसायिक कृषि कर्जा प्रवाह गर्न बैंक प्रतिवद्ध रहेको जानकारी प्रस्तुत ।

१४. State Bank of India को सेवा तथा सुविधाको व्यापक प्रयोग गरी अधिकतम फाईदा लिन सभामा व्यक्त सुझावको सराहना गर्दै State Bank of India बाट सुचना प्रविधि, तालिम, Remittance लगायत क्षेत्रहरुमा सहयोग लिईएको जानकारी प्रस्तुत ।

१५. अन्य प्रतिस्पर्धी बैंक सरह बैंकले प्रगति हासिल गर्न नसकेको भनी सभामा व्यक्त गुनासोलाई सम्वोधन गर्दै नेपाल एसबिआई बैंक सबै नेपाली समुदायलाई दिगो रुपमा गुणस्तरीय बैंकिङ्ग सेवा पुऱ्याउन प्रतिवद्ध रहेको र बैंकले पूर्णरुपमा नेपाली श्रोत र साधनको परिचालनवाट नै उपलब्धी हासिल गरिरहेको र बैंकको नाफाको बृद्धि दर समेत उत्साहजनक रहेको जानकारी प्रस्तुत ।

१६.	CDC ratio अन्य प्रतिस्पर्धी बैंकको तुलनामा सन्तोषजनक नरहेको भनी सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै प्रतिस्पर्धी बैंकहरुको तुलनामा स्थानीय मुद्रामा बैंकको CDC Ratio ७५ देखि ८० प्रतिशतको वीचमा रहेको जानकारी दिदै नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले CDC Ratio ८० प्रतिशतभन्दा वढी हुने गरी लगानी गर्न नसक्ने हुँदा बैकले गरेको कोष व्यवस्थापन चुस्त रहेको धारणा व्यक्त । निरन्तर वस्ने Asset Liability Committee को बैठकको निर्णय वमोजिम कोष व्यवस्थापनको कार्य गर्ने गरिएको जानकारी प्रस्तुत गर्दै खर्च घटाउन, नाफा वढाउन र प्रतिस्पर्धी क्षमता वृद्धि गर्न बैंक सक्षम रहेको धारणा व्यक्त ।

१७	Capital adequacy को सम्वन्धमा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै बैंकको पूँजी पर्याप्तता १३ प्रतिशतभन्दा वढी रहेको हुँदा पूँजी पर्याप्तताको दृष्टिले बैंक सवल रहेको धारणा व्यक्त ।

१८.	Write back आम्दानी कम भएको सम्वन्धमा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै बैंकको NPA मा कमी आएको कारण Write back आयमा कमी हुनु स्वभाविक भएको जानकारी प्रस्तुत ।

१९.	बैंकको Deposit Portfolio तथा Foreign Currency Deposit न्यून भएको सम्वन्धमा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै बैंकले विदेशी मुद्रा निक्षेप भन्दा स्वदेशी मुद्रा निक्षेपमा बढी ध्यान केन्द्रित गरेको हुँदा स्वदेशी मुद्रा निक्षेप निरन्तर वढ्दै गई यस वर्ष स्वदेशी मुद्रा वचत निक्षेप ४ अर्बले वढ्न गएको र उक्त रकम सर्वसाधारण वचतकर्तावाट संकलन भएको र उक्त वचत साना तथा मझौला कर्जामा प्रवाह भएको जानकारी प्रस्तुत ।

२०. आगामी वर्षहरुमा अझ धेरै प्रतिफल प्रदान गर्नुपर्ने शेयरधनीहरुबाट गरिएको आग्रहका सम्वन्धमा सम्वोधन गर्दै  बैंकको बोर्ड तथा नेपाल राष्ट्र बैंकको स्वीकृतिमा शेयरधनीलाई दिईने प्रतिफल समेत वृद्धि गरिने प्रतिवद्धता व्यक्त ।

२१. Merger and Acquisition को सम्वन्धमा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै उपयुक्त समयमा उपयुक्त बैंक तथा वित्तीय संस्थासंग :भचनभ हुने वा उपयुक्त संस्थालाई ब्अत्रगष्चभ गर्ने विकल्प खोजी गरिरेहको र Remittance, Micro Credit, Merchant Bank को कार्य गर्न Subsidiary/JVs क्रमिक रुपमा स्थापना गर्ने सम्वन्धमा समेत दिर्घकालीन निर्णय गरेको जानकारी प्रस्तुत ।

२२. विना सूचना भुक्तानी भएको ड्राफ्ट भुक्तानी गरिएवापत बेहोर्नु परेको नोक्सानी असूलीका लागि बैंकले दायर गरेको मुद्दाका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले सर्वोच्च अदालतसमक्ष मुद्दा दोहऱ्याई पाउन निवेदन गरेको र सम्मानित सर्वोच्च अदालतबाट दोहऱ्याउने निस्सा प्राप्त भई उक्त निवेदन सुनुवाइको क्रममा रहेको र आगामी सुनुवाई २०७१ माघ १९ गते रहेको जानकारी प्रस्तुत ।

२३. जल विद्युत (Hydro Electircity) मा लगानी बृद्धि गर्न शेयरधनीहरुबाट सभामा व्यक्त सुझाव मननीय रहेको धारणा व्यक्त गर्दै बैंकले हरेक अवसरहरु सदुपयोग गर्दै Case to Case Basis मा जलविद्युत क्षेत्रमा लगानी गरिरहेको जानकारी प्रस्तुत । २०७१ पौष मसान्त सम्ममा जलविद्युत क्षेत्रमा  रु.४६.५६ करोड लगानी रहेको  रु.१४८.५९ करोड कर्जा प्रवाह (disburse) गर्न बांकी रहेको जानकारी प्रस्तुत ।

## १०. सभाको निर्णय :–

**क.सामान्य प्रस्तावतर्फः**

१. छलफलको विषयसूची नं. १ बमोजिम सभाध्यक्षले संचालकसमितिका तर्फबाट पेश गर्नुभएको संचालकको प्रतिवेदनको अनुमोदन गरिदिन सभामा प्रस्ताव राख्नुभएकोमा त्यसको सर्वसम्मतिबाट अनुमोदन भयो ।

२. तत्पश्चात् सभाध्यक्षको प्रस्तावमा सभाले आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरण (लेखापरीक्षकको प्रतिवेदनसहितको २०७१ आषाढ मसान्तको वासलात र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।





३. बैंकको संचालक समितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु. १८ करोड ६१ लख ४२ हजार ७ सय ५४/- बराबर (अर्थात चुक्ता पूँजीमा ७% का दरले) नगद लाभांश वितरण गर्ने सम्बन्धि प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

४. सभाध्यक्षले बैंकका वहालवाला लेखापरीक्षक मेशर्स टि.आर.उपाध्याय एण्ड कम्पनी चाटर्ड एकाउण्टेन्टस्ले लगातार ३ वर्षसम्म बैंकको लेखापरीक्षकको रुपमा कार्य गरि आउनु भएको हुँदा कम्पनी ऐन, २०६३ बमोजिम वहाँ पुनः बैंकको लेखापरीक्षक नियुक्त हुन नसक्ने बेहोरा जानकारी गराउँदै आफ्नो कार्यकालमा बैंकको लेखापरीक्षण कार्यमा पऱ्याउनु भएको योगदानका निम्ति टि.आर.उपाध्याय एण्ड कम्पनी चाटर्ड एकाउण्टेन्टस्लाई हार्दिक धन्यवाद दिंदै आर्थिक वर्ष २०७१/७२ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा (घ) को प्रावधान अनुरुप बैंकको लेखापरीक्षण समितिले मेशर्स पिएल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्सलाई आ.व. २०७१/७२ का लागि बैंकको लेखापरीक्षक नियुक्त गर्न सिफारिश गरेको र निजको पारिश्रमिक मु.अ.क. वाहेक रु. २ लाख ४० हजार निर्धारण गरी सोको अनुमोदनको लागि सिफारिस गरेको जानकारी गराउँदै सामान्य प्रस्ताव तर्फ बुँदा ४ मा प्रस्तावित गरिए बमोजिम आ.व. २०७१/७२ का लागि मेशर्स पिएल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्टस्लाई बैंकको लेखापरीक्षक नियुक्त गर्न तथा लेखापरीक्षण समितिले निर्धारण गरेको निजको पारिश्रमिक मु.अ.क. वाहेक रू. २,४०,०००/- (अक्षरेपि रूपैयाँ दुई लाख चालीस हजार मात्र) अनुमोदनका लागि प्रस्ताव पेश गर्नुभएकोमा सभाले सोलाई अनुमोदन गर्ने निर्णय गऱ्यो ।

५. निर्धारित विषयसूची नं. ५ को सम्वन्धमा निर्वाचन अधिकृतद्धारा जानकारी दिईने व्यहोरा सभालाई जानकारी दिइयो ।

६. निर्धारित विषयसूची नं. ६ को विविधमा कुनै प्रस्ताव नभएको ।

**ख. विशेष प्रस्तावः**

७. सभाध्यक्षले बैंकको मौजूदा अधिकृत पूँजी रु. ३ अर्ब मात्र रहेको हुँदा अधिकृत पूँजीको अंक बृद्धि नगरेसम्म बैंकको व्यवसायको लागि आवश्यक थप पूँजी परिचालन गर्न तथा बोनश शेयर जारी गर्न नसकिने अवस्था सृजना हुने जानकारी गराउँदै सभासमक्ष छलफलको विषय सुचीको विशेष प्रस्ताव अन्तर्गत बुँदा नं. ७ मा प्रस्तावित बैंकको मौजुदा अधिकृत पूँजी रु. ३ अर्बबाट बृद्धि गरी रु. ७ अर्ब पुऱ्याउने सम्बन्धी विशेष प्रस्ताव पेश गर्नुभएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

८. सभाध्यक्षले विशेष प्रस्ताव अन्तर्गत बुँदा ८ मा प्रस्तावित गरिए अनुसार वोनस शेयर जारी गर्न तथा बैंकको प्रवन्धपत्रको दफा ५.२(ख) मा व्यवस्था भए अनुसार सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व ३० प्रतिशत पुऱ्याउन आवश्यक पर्ने शेयर थप निश्काशन (Further Public Offering) गर्न हालको जारी पूँजी रु.२ अर्ब ६५ करोड ९१ लख ८२ हजार २

सय लाई बृद्धि गरी रु. ३ अर्ब ६ करोड ३३ लाख ९५ हजार ६ सय तथा हालको चुक्तापूँजी रु.२ अर्ब ६५ करोड २ लाख ५हजार ८ सय ४ लाई बृद्धि गरी रु. ३ अर्ब ६ करोड ३३ लाख ९५ हजार ६ सय कायम गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सभासमक्ष पेश गर्नुभएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

९. सभाध्यक्षले विशेष प्रस्ताव अन्तर्गत बुँदा ९ मा प्रस्तावित गरिए अनुसार बैंकको संचालकसमितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरूलाई रु. ३९ करोड ८८ लाख ७७ हजार ३ सय बराबर (अर्थात चुक्ता पूँजीमा १५% का दरले) बोनस शेयर वितरण गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो । साथै शेयरधनीहरूलाई बोनस शेयर जारी गर्दा दशमलव अंकमा (फ्याक्सन फिगरमा) शेयर प्राप्त हुनगएको अवस्थामा त्यस्तो दशमलव अंकमा हुन आउने शेयरको बैंकले छुट्टै अभिलेख राख्ने र अर्को पटक त्यसरी नै बोनस शेयर जारी गर्दा पुनः दशमलव अंकमा प्राप्त हुन सक्ने शेयरलाई जोडी सिङ्गो शेयर प्राप्त हुने अवस्था भएपश्चात् मात्र त्यस्तो शेयरबापत शेयरप्रमाणपत्र जारी गर्नेसम्बन्धमा शेयरधनीहरूको यसअघिका साधारण सभाहरूमा पटकपटक निर्णय भइसकेको र सोहीबमोजिम बैंकले शेयरधनीहरूलाई दशमलव अंकमा यसअघि प्राप्त भएको बोनस शेयर र यस निर्णयअनुसार अब प्राप्त हुने बोनस शेयरमा दशमलव अंकमा प्राप्त हुने शेयरलाई जोड्दा सिङ्गो शेयर प्राप्त हुने अवस्था भएमा त्यस्तो शेयरबापत सिङ्गो बोनस शेयरप्रमाणपत्र जारी गर्ने अन्यथा पूर्ववत् निर्णय अनुसार नै दशमलव अंकमा प्राप्त शेयरको अभिलेख राखी सिङ्गो शेयर प्राप्त हुने अवस्था आएपछि मात्र बोनस शेयरप्रमाणपत्र जारी गर्ने निर्णय गऱ्यो ।

१०. विशेष प्रस्तावको बुँदा ७ र ८ बमोजिम पारित मौजुदा अधिकृत, जारी तथा चुक्ता पूँजीको अंकमा बृद्धि गर्ने विशेष प्रस्तावको फलस्वरुप बैंकको प्रबन्धपत्रको दफा ५.१ को खण्ड (क), (ख) र (ग) मा संशोधन गर्नु पर्ने भएको हुँदा छलफलको विषयसूचीको विशेष प्रस्ताव अन्तर्गत बुँदा १० मा प्रस्ताव गरिए अनुसार प्रबन्धपत्रमा संशोधन गरी देहायबमोजिम दफा ५ को उपदफा १ को खण्ड (क), (ख) र (ग) कायम गर्नेसम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रबन्धपत्रको दफा ५ को उपदफा १ को खण्ड (क), (ख) र (ग) को सट्टामा देहायबमोजिम उपदफा १ को खण्ड (क), (ख) र (ग) कायम गर्नेः

“(क) बैंकको अधिकृत पूँजी रु.७,००,००,००,०००/- (सात अर्व रुपैयाँ) हूनेछ ।

जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले ७,००,००,००० (सात करोड)

साधारण शेयरमा विभाजन गरिएकोछ ।

(ख) बैंकको जारी पूँजी रु. ३,०६,३३,९५,६००/- (तीन अर्व छ करोड तेत्तीस लाख पन्चानव्वे हजार छ सय रुपैयाँ) हुनेछ । जसलाई रु.१००/-(एक सय रुपैंया) का दरले

३,०६,३३,९५६ (तीन करोड छ लाख तेत्तीस  हजार नौं सय छपन्न) साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) बैंकको चुक्ता पूँजी रु. ३,०६,३३,९५,६००/- (तीन अर्व छ करोड तेत्तीस लाख पन्चानव्वे हजार छ सय रुपैयाँ) हुनेछ ।"

११. बैंकले व्यवसायका नवीनतम क्षेत्रहरुको पहिचान गरी समग्र व्यवसायको आकार बृद्धि गरी मुनाफा आधारमा अझ बृद्धि हासिल गर्ने रणनीति अनुशरण गरेअनुसार मर्चेन्ट बैंकिङ्ग, रेमिटेन्स, लघु वित्त सेवा, क्रेडिट कार्ड, ईत्यादि सम्बन्धी व्यवसाय तथा कारोवार गर्न सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु संस्थापना गर्न आवश्यक भएको हुँदा सो का लागि मार्गप्रसस्त गर्न बैंकको प्रबन्धपत्रमा संशोधन गरी यस सम्बन्धी उद्देश्य थप गर्न विशेष प्रस्ताव तर्फ बुँदा नं ११ मा प्रस्तावित गरिए बमोजिम बैंकको प्रबन्धपत्रको दफा ४ को उपदफा टट१ पछि टट२ थप गरी प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट आवश्यक स्वीकृति/इजाजत/सदस्यता लिई मर्चेन्ट बैंकिङ्ग, रेमिटेन्स, लघु वित्त सेवा, क्रेडिट कार्ड, ईत्यादि सम्बन्धि व्यवशाय तथा कारोवार गर्न सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु संस्थापना गर्ने सम्बन्धि व्यवस्था थप गर्न प्रबन्धपत्रको दफा ४ मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रबन्धपत्रको दफा ४ को उपदफा टट१ पछि देहायबमोजिम टट२ थप गर्नेः

"प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट आवश्यक स्वीकृति/इजाजत/सदस्यता लिई मर्चेन्ट बैंकिङ्ग, रेमिटेन्स, लघु वित्त सेवा, क्रेडिट कार्ड, ईत्यादि सम्बन्धि व्यवसाय तथा कारोवार गर्न सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु संस्थापना गर्ने ।"

१२. पछिल्लो समयमा मुलुकमा बैंकिङ्ग उद्योग एक आपसमा गाभ्ने, गाभिने तथा एकीकृत हुने माहोल बिकसित भएसँगै बैंकका प्रस्तिपर्धी बैंकहरुको पूँजीगत एवं व्यवशायिक क्षमतामा भएको सुधारले बैंकलाई समेत आफ्नो पूँजीगत एवं व्यवसायिक क्षमतामा सुधार गर्ने किसिमका विभिन्न विकल्पहरु खोजी गरी उपयुक्त विकल्प अनुशरण गर्नुपर्ने खाँचो पैदा भएको साथै बैंकलाई सहायक कम्पनी वा संयुक्त लगानीका कम्पनीहरु खोली नयाँ नयाँ व्यवसायिक क्रियाकलापहरुमा लगानी विस्तार गरी बजारमा प्रतिस्पर्धी भूमिका निर्वाह गर्न समेत पूँजीगत क्षमतामा सुधार हुने गरी उपयुक्त विकल्प खोजी गर्न अपरिहार्य भैसकेको जानकारी गराउँदै छलफलको विषयसुची अन्तर्गत विशेष प्रस्तावको बुँदा १२ अन्तर्गत प्रस्तावित बैंकको पूँजी संरचना परिवर्तनसँग सम्बन्धित प्रस्ताव समाध्यक्षले सभासमक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावबारे थप प्रष्ट पार्दै यस प्रस्तावको कार्यान्वयन भएको खण्डमा सम्बद्ध नियामक निकायको स्वीकृतिमा बैंकका विदेशी संस्थापक शेयरधनी बाहेक अन्य शेयरधनीहरुको शेयर





स्वामित्व प्रतिशत तथा संचालक समितिमा प्रतिनित्वको अनुपात घट्न सक्ने बेहोरा समेत सभाध्यक्षले सभासमक्ष जाहेर गर्नुभयो । तदनुरुप सभाध्यक्षले बैंकको प्रबन्धपत्रमा उल्लिखित उद्देश्य प्राप्तीका लागि सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु खोली कार्य आरम्भ गर्न, एक आपसमा गाभ्ने गाभिने (Merger), विलय (Acquisition), प्राप्ती (Takeover) वा विदेशी/रणनीतिक साझेदार/संस्थापकबाट थप पूँजी लगानी (Infusion) गराई वा अन्य उपयुक्त माध्यमबाट बैंकको पूँजी संरचना परिवर्तन गर्न आवश्यक प्रक्रिया आरम्भ गर्न, बैंकको नेट वर्थ/सम्पत्तिको मुल्यांकन प्रयोजनका लागि Due Diligence Audit गर्ने प्रयोजनको लागि विशेषज्ञ, लेखपरीक्षक नियुक्त गर्न, थप पूँजी लगानी (Capital Infusion) का लागि शेयरको प्रिमियम मुल्य निर्धारण गर्नु पर्ने भए सो गर्न, आवश्यक सम्पूर्ण कार्यका लागि सम्बद्ध पक्षबीच सहमती पत्र (Memorandum of Understanding)/सम्झौता गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

१३. संचालक समिति तथा संचालक समितिको उपसमितिहरुको बैठकमा भाग लिएवापत समितिका अध्यक्ष तथा अन्य संचालकहरुलाई दिईने बैठक भत्तामा समय सापेक्ष परिमार्जन गर्नु पर्ने भएको हुँदा विशेष प्रस्तावको बुँदा १३ अन्तर्गत प्रस्तावित संचालक समिति तथा संचालक समितिको उपसमितिहरुको बैठकमा भाग लिएवापत समितिका अध्यक्ष तथा अन्य संचालकहरुलाई दिईने बैठक भत्ता वृद्धि गरी प्रति बैठक क्रमशः रु. १५,०००/- र रु. १२,०००/- कायम गर्न बैंकको नियमावलीको नियम २९ (ख) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

नियमावलीको नियम नियम २९ (ख) को सट्टामा देहायबमोजिम नियम नियम २९ (ख) कायम गर्ने:

**"संचालकले पाउने बैठकभत्ता देहायबमोजिम हुनेछ:**

संचालकसमितिका अध्यक्ष : रु.१५०००/- प्रतिबैठक

अन्य संचालक :रु. १२०००/- प्रतिबैठक

माथि उल्लेख गरिएबमोजिम संचालकसमितिको बैठकमा भाग लिएबापत संचालकसमितिका सदस्यहरूलाई दिइने बैठकभत्ता संचालकसमितिले गठन गरेका उपसमितिहरूको बैठक समेतमा भाग लिएबापत दिइनेछ । "

१४. प्रबन्धपत्र तथा नियमावलीका दफा/नियममा भएको संशोधनका सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्र तथा नियमावलीको संशोधित दफामा आवश्यकताअनुसार परिवर्तन गर्न अख्तियारी गर्नेसम्बन्धी प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा प्रबन्धपत्र तथा नियमावलीको संशोधित

व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्बद्ध निकायसमक्ष आवश्यकताअनुसार प्रबन्धपत्र तथा नियमावली संशोधनको अभिलेख गराउने लगायतका आवश्यक कामकारबाही गर्न तथा यस साधारणसभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्रको संशोधित दफामा आवश्यकताअनुसार परिवर्तन गर्न अख्तियारी प्रदान गर्ने समेत सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

१५. सभाध्यक्षले साधारणसभामा प्रस्तुत सम्पूर्ण विषयहरू आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो । आजको सभामा सर्वसाधारण शेयरधनीहरुबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २(दुई) संचालकहरुको निर्वाचन गर्नुपर्ने कार्यक्रम रहेअनुरुप सभाध्यक्षले उक्त प्रयोजनका लागि नियुक्त हुनुभएका निर्वाचन अधिकृत श्री दामोदर खड्कालाई मञ्चमा आई निर्वाचन कार्यक्रमबारे जानकारी गराउन अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतले मञ्चमा आई बैंकको संचालक समितिबाट स्वीकृत संचालक निर्बाचन निर्देशिका बमोजिम आजको निर्वाचन कार्यक्रम सम्पन्न हुने र मतदानको कार्यक्रम सोही दिन दिनको ४.५० बजे शुरु हुने जानकारी गराउनुभयो । उहाँले उपस्थित शेयरधनीहरुलाई मतदानको लागि ६:५० बजे सम्मको समय तोकिएको जानकारी दिँदै शेयरधनीहरु उक्त समयभित्र लाइनमा बसिसक्नु पर्ने जानकारी पनि गराउनुभयो ।

संचालकको निर्वाचनबाहेक अन्य कुनै विषय छलफलको लागि बाँकी नरहेको उल्लेख गर्दै निर्वाचन कार्यक्रम सम्पन्न गर्नुपर्ने भएकोले सभाध्यक्षले आजको साधारणसभाको कार्यक्रम हाललाई स्थगित गरिएको घोषणा गर्नुभयो ।

तत्पश्चात निर्वाचन अधिकृत श्री दामोदर खड्काले तोकेअनुसार निर्बाचनको कार्यक्रम शुरु भयो । निर्वाचन अधिकृतद्धुरा नियुक्त मतदान अधिकृत/कर्मचारीहरुले मतदाताहरुलाई लामबद्ध भई पालैपालो गोप्य रुपमा मतदानका लागि तयार हुन अनुरोध गर्नुभयो । मतदानका लागि गोप्य कक्षमा प्रत्येक उम्मेद्धवारका नाम अंकित मतपेटिका राखिएको र मतदाताले आफूलाई मनपर्ने उम्मेदवारको नाम अंकित मतपेटिकामा मतदान अधिकृतबाट वितरित मतपत्र खासाल्नु पर्ने व्यवस्था मिलाईएको बारे मतदाता तथा उम्मेदवारका प्रतिनिधिहरुलाई जानकारी दिईयो । तदनुरुप बेलुकी ६.५० बजेभित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरुबाट



NEPAL SBI BANK LTD. KTM

बेलुकी ६.५५ बजेसम्म मतदानको कार्य भयो । तत्पश्चात निर्बाचन अधिकृतले मतदानको कार्य समाप्त भएको घोषणा गर्नु भयो र प्रत्येक उम्मेदवारका प्रतिनिधिहरुको रोहबरमा मतपेटिका शिलबन्दी गर्नुभयो ।

१ घण्टाको विश्रामपछि बेलुकी ८.०० बजे निर्बाचन अधिकृतले उम्मेदवारका प्रतिनिधिहरुको रोहबरमा प्रत्येक उम्मेदवारका मतपेटिका खोली क्रमशः मतगणनाको कार्य गर्नु गराउनु भई रातको ९.३० बजे मतगणनाको कार्य सम्पन्न भएको घोषणा गर्नुभयो ।

निर्वाचन अधिकृतबाट सम्पन्न निर्वाचन कार्यक्रमलाई यसै माइन्यूटको अनुसूची २ मा र निर्बाचन अधिकृतबाट हस्ताक्षरित निर्वाचन परिणामलाई यसै माइन्युटको अनुसूची ३ मा समावेश गरिएको छ ।

निर्बाचन अधिकृतबाट मतगणनाको कार्य सम्पन्न भएपश्चात कम्पनी सचिवले मतपरिणामको घोषणा तथा नवनिर्वाचित संचालकहरुलाई वधाई तथा शुभकामना आदान प्रदान कार्यक्रम रहेको जानकारी गराउँदै उम्मेदवारहरुले हासिल गर्नुभएको मतपरिणाम सभासमक्ष आधिकारिक रुपमा जानकारी गराईदिन निर्बाचन अधिकृत श्री दामोदर खड्कालाई अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृत श्री दामोदर खड्काले सर्वसाधारण शेयरधनीहरुलाई प्रतिनिधित्व गर्ने २(दुई) संचालकहरुका लागि सम्पन्न आजको निर्वाचनमा उमेदवारहरुले प्राप्तगर्नुभएको मत परिणाम सभालाई आधिकारिक रुपमा जानकरी गराउँदै उम्मेदवारहरु मध्ये श्री निरञ्जन कुमार टिवरेवाला र श्री संजय कुमार सुरेकाले सर्वाधिक मत हासिल गर्नुभएको जानकारी दिनु भयो ।

निर्बाचन परिणामको आधिकारिक घोषणा भएपश्चात कम्पनी सचिवले सर्वाधिक मत हासिल गर्ने उम्मेदवारहरु श्री निरन्जन कुमार टिवरेवाला र श्री संजय कुमार सुरेकालाई डायसमा आई आसन ग्रहण गर्न अनुरोध गर्नु भयो । तत्पश्चात् सभाका अध्यक्ष, संचालक समितिका सदस्यहरु, प्रवन्ध संचालक तथा कार्यकारी अधिकृत, प्रमुख संचालन अधिकृत तथा डेपुटी कार्यकारी अधिकृत, प्रमुख वित्तीय अधिकृत, प्रमुख कर्जा अधिकृत, प्रमुख जोखिम अधिकृत लगायत बैंक व्यवस्थापनका अन्य पदाधिकारी तथा उपस्थित शेयरधनी तथा आमन्त्रित महानुभावहरुले बिजयी उम्मेदवारहरुलाई फूलमाला र अबिर अवीर टिका लगाई बधाई तथा शुभकामना प्रकट गर्नुभयो भने विजयी उमेदवारहरुले छोटो मन्तव्य व्यक्त गर्दै आफूलाई विजयी गराउनुभएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद प्रकट गर्नुभयो ।

तत्पश्चात सभाका अध्यक्ष श्री हसना शर्माले आजको सभाको विषयसूचीको सामान्य प्रस्ताव अन्तर्गत वुँदा नं ५ मा उल्लेख भए अनुसार सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने

दुईजना संचालकको निर्वाचनमा श्री निरन्जनकुमार टिबरेवाला र श्री संजय कुमार सुरेका बैंकको संचालक पदमा निर्वाचित हुनुभएको आधिकारिक घोषणा गर्नुभयो । साथै स्वतन्त्र र निष्पक्षतापूर्वक निर्बाचन सम्पन्न गराउनुभएकोमा निर्वाचन अधिकृत श्री दामोदर खड्का तथा निर्बाचनको कार्यमा संलग्न वहाँको टिमलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षले आजको यस एक्काईसौं वार्षिक साधारणसभामा सर्वसाधारण शेयरधनीका तर्फवाट प्रतिनिधित्व हुने दुई संचालकको निर्वाचनमा विजयी उम्मेदवारहरुलाई हार्दिक बधाई दिदै उहाँहरुको कार्यकालको सफलताका लागि शुभकामना दिनुहुँदै वहाँहरुलाई संचालक समितिमा स्वागत गर्नुभयो । सभा संचालनको कार्यमा शेयरधनी लगायत संचालकहरु, निर्वाचन अधिकृत एवं निर्वाचन टोली, पर्यवेक्षकहरु, आमन्त्रित महानुभावहरु, संचारकर्मी साथै व्यवस्थापन एवं कर्मचारीहरुबाट प्राप्त आजको सभा संचालनको कार्यमा शेयरधनी महानुभावहरुबाट प्राप्त सहभागिता र सहयोगका लागि हार्दिक धन्यवाद दिँदै उहाँहरुबाट प्राप्त सुझावले आउँदा दिनहरुमा बैंकको कामकारबाहीलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन सकिने विश्वास व्यक्त गर्दै उपस्थित शेयरधनीहरु तथा सभा संचालनमा सहयोग पुऱ्याउने सबै महानुभावहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।

तत्पश्चात् रातको करिब १०:०० बजे सभाध्यक्ष श्री हसना शर्माले विधिवत् रुपमा सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| **रमेश घिमिरे** | **हसना शर्मा** |
| **(कम्पनी सचिव)** | **(अध्यक्ष)** |



NEPAL SBI BANK LTD. KTM

अनुसुची १

❖ **डा. माधव कुमार श्रेष्ठ**

- नेपाल एसबिआई बैंकको वित्तीय विवरण स्ट्याण्डर्ड चार्टड बैंकसंग तुलना
- बैंकको संचालक समिति बैंकको प्रगतिका लागि अझ वढी जिम्मेवार हुनुपर्ने धारणा व्यक्त
- बैंकलाई अझ सवल वनाउनका लागि आवश्यक मार्गदर्शन लिखित रुपमा सभाध्यक्षलाई उपलब्ध ।

❖ **श्री दामोदर प्रसाद रेग्मी**

- खराव कर्जा कम गर्न सक्नु सराहनीय भएको धारणा व्यक्त
- कर्जा निक्षेप अनुपात कम भएको भन्दै सोलाई वढाउन सुझाव व्यक्त
- अरु राम्रा बैंकहरुकोझैं कुल व्याज अन्तर ४ देखि ५ प्रतिशतको वीचमा हुनुपर्ने विचार व्यक्त
- व्यवस्थापनलाई आउँदा दिनहरुमा अझ वढी प्रतिफल प्राप्त गर्ने योजना सहित कार्य गर्न सुझाव।
- बैंकको पूँजी योजना तुलनात्मक रुपमा कम भएको धारणा व्यक्त
- शेयरधनीलाई खाता खोल्न प्रोत्साहन गर्न सके अवितरित लाभांश यथा समयमै वितरण गर्न सकिने धारणा व्यक्त ।

❖ **श्री व्यासकुमार शर्मा**

- बैंकको आफ्नो पूंजीलाई आवश्यक न्यूनतम सिमा रु. ३ अर्व भन्दा वढी वनाउन सक्नु तथा समीक्षा वर्षमा जगेडामा रु ३४ करोडले वृद्दि गर्न सक्नु सकारात्मक रहेको धारणा व्यक्त
- बैकल्पिक आन्तरिक श्रोत परिचालनको माध्ययमवाट विभिन्न समयमा रु १ अर्बको ऋणपत्र जारी गरी मध्यम अवधिका श्रोत संकलन गर्नु सकारात्मक पक्ष रहेको धारणा व्यक्त
- कर्जाको रकम विगत वर्षको तुलनामा रु. ७ अर्बले वढाउन सक्नु राम्रो सफलता भएको र खुद व्याज आम्दानी तथा अन्य श्रोत आम्दानी वढ्नु, निष्क्रिय कर्जा ०.२६ प्रतिशत मा कायम राख्न सक्नु कुसल व्यवस्थापनको नतिजा रहेको धारणा व्यक्त
- खर्च कटौती अन्तर्गत व्यवस्थापन खर्चमा कटौती गर्न सफल भएकोमा सराहना व्यक्त
- लगानी,  वासलातको आकार, तथा निक्षेप घटेकोमा व्यवस्थापनको ध्यानाकर्षण
- जलविद्युत क्षेत्रमा लगानी वढाउन ध्यान केन्द्रित गर्न आग्रह
- आधारदर अझ घटाउन सुझाव व्यक्त
- आगामी वर्ष शेयरधनीलाई ३० देखि ४० प्रतिशत प्रतिफल दिन सक्षम हुने गरी बैंकले कार्य गर्ने अपेक्षा

❖ **श्री अमृत नाथ रेग्मी**

- अन्य बैंकहरुको शेयर पूँजीको तुलनामा साधारण जगेडा वढाउन सुझाव व्यक्त



NEPAL SBI BANK LTD. KTM

- capital infusion गर्दा शेयरको प्रिमियम मूल्य वजार मूल्यको ५० प्रतिशत भन्दा कम नगर्न सुझाव व्यक्त
- अरु बैंकहरु आक्रामक भएकाले बैंकले आफनो प्रतिस्पर्धी क्षमता वढाउन आग्रह
- आवधिक कर्जा वढाउनुपर्ने धारणा व्यक्त
- कुल व्याज आम्दानीको तुलनामा खुद व्याज आम्दानी कम भएको विचार व्यक्त
- विदेशी मुद्रा संचितिको तुलनामा सटही आम्दानी कम भएको धारणा व्यक्त
- आम्दानी खर्च अनुपात वढी भएको भन्दै यसलाई ३० प्रतिशत भन्दा कम वनाउन आग्रह
- बैंकलाई उत्कृष्ट आठ बैंकको सुचीमा राख्न बैंकको आधार दर ६ प्रतिशतभन्दा कम वनाउनुपर्ने विचार व्यक्त
- कोष लागत धटाउनुपर्नेमा जोड
- बैंकले एसबिआई Capital Market वा एसबिआई म्युचल फण्ड, सम्पत्ति व्यवस्थापन कम्पनी तथा एसबिआई सामाजिक संस्था सुरु गर्नुपर्ने धारणा व्यक्त
- बैंकले प्रधान कार्यालय वनाउनको लागि जग्गा खरिद गरेको भएतापनि अहिलेसम्म भवन वन्न नसक्नुको कारण माग

❖ **श्री नरसिंहलाल चखु**

- वासलातको आकार, व्यवसाय विस्तारका आधारमा समष्टिमा बैंकले प्रगति गरेको धारणा व्यक्त
- लगानीकर्ताको हित तथा उनीहरुलाई प्रतिफल दिन बैंकले ध्यान दिएको विचार व्यक्त
- शेयर पूँजी, जगेडा कोष तथा कर्जा लगानीमा वृद्दि भएको भयतापनि निक्षेप तथा लगानी वढाउन तर्फ ध्यान दिन आग्रह
- जलविद्युत क्षेत्रमा लगानी वढाउन आग्रह

❖ **श्री उद्धवप्रसाद घिमिरे**

- बैंकले दिएको २२ प्रतिशतको लाभांश सन्तोषजनक नै रहेको भन्दै आगामी वर्ष त्यसलाई वृद्दि गर्न आग्रह
- वासलातको आकार तथा निक्षेप घटेकोतर्फ ध्यानाकर्षण
- वार्षिक विवरणमा दोसो त्रैमासको विवरण राख्न सुझाव व्यक्त
- विना सूचना भुक्तानी भएको ड्राफ्ट मुद्दाको प्रगति सम्बन्धमा जिज्ञासा व्यक्त
- दुई दशक पार गरेकोमा वार्षिक उत्सव मनाउनुपर्ने
- विदेशी मुद्राको लगानीबाट प्राप्त आय वढाउन आग्रह
- संचालकहरुवाट उठाउन बाँकी रकमका सम्वन्धमा जिज्ञासा राख्दै सो विषय प्रष्ट नभएको धारणा व्यक्त
- भुक्तानी नभएको लाभांश सम्वन्धित शेयरधनीको खातामा जम्मा गरिदिने व्यवस्था गर्न आग्रह



NEPAL SBI BANK LTD. KTM

❖ **श्री बैजुनाथ रौनियार**

- ७ प्रतिशत नगद लाभांश र १५ प्रतिशत वोनस शेयर वितरण गरिनुले खुशी व्यक्त गर्दै आगामी वर्ष अझ धेरै लाभांश पाउने अपेक्षा व्यक्त
- FPO लाई हाल भै रहेका शेयरधनीलाई वितरण गर्न सकिने तर्फ संभाव्यता खोजीगर्न आग्रह
- आम्दानीको गणना नेपाल लेखामान स्ट्याण्डर्ड अनुसार नभएकोमा जिज्ञासा व्यक्त
- वार्षिक आर्थिक विवरणमा Write off गरेका कर्जाको विवरण दिन आग्रह
- उत्कृष्ट कर्मचारीलाई पुरष्कृत गर्न आग्रह
- शाखा विस्तार गर्दै अझ धेरै जिल्लाहरुमा बैंकको उपस्थिति पुऱ्याउन आग्रह
- संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम संचालन गर्न आग्रह

❖ **श्री कृष्ण प्रसाद अधिकारी काश्यप**

- २२ प्रतिशत लाभांश सन्तोषजनक रहेको भन्दै सोलाई वढाउनुपर्ने धारणा व्यक्त
- वार्षिक प्रतिवेदनमा शाखा संजाललाई नक्सामा देखाउन आग्रह
- वार्षिक प्रतिवेदन तयार गर्दा शुद्धाशुद्धिमा ध्यान दिन आग्रह

❖ **श्री अमृतदास रन्जित**

- सर्व साधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने संचालकहरुलाई मन्चमा नदेख्दा दुख व्यक्त गर्दै निजहरुको कार्यकाल छँदै साधारण सभा गर्न आग्रह
- निक्षेप आकार तथा समग्रमा बैंकको व्यवसाय घटेको धारणा व्यक्त
- दोस्रो त्रैमासको विवरण दिन छुटाएकोमा जिज्ञासा व्यक्त
- संचालकवाट असुल गर्नुपर्ने रकमका सम्वन्धमा जिज्ञासा राख्दै ने.रा. बैंकले दिएको निर्देशन पालना गर्न सुझाव व्यक्त
- संचालकहरुको भत्ता लाभांश वृद्दिसंग आवद्ध गरिनुपर्ने सुझाव व्यक्त
- त्रैमासिक विवरण र वार्षिक विवरणमा फरक परेकोमा जिज्ञासा व्यक्त

❖ **श्री शिव प्रसाद शर्मा**

- नगद लाभांश तथा वोनश शेयर दिएकोमा धन्यवाद व्यक्त
- अन्य संचालन खर्चभन्दा अन्य संचालन आम्दानी वढी भएकोले व्यवस्थापन धन्यवादको पात्र भएको धारणा व्यक्त
- आम्दानीका स्रोतहरु बृद्दि गर्दै लगानीका अवसर खोजी गर्न बैंकलाई सुझाव व्यक्त

❖ **श्री ज्योती प्रसाद कणेल**

- नगद लाभांश तथा वोनस शेयरको वितरण दर अन्य ठूला बैंकहरुले झै निरन्तर वढाउन आग्रह

- आगामी वर्ष बोनस शेयर १५ प्रतिशत र नगद लाभांश १५ प्रतिशत पु-याउन आग्रह ।
- निष्कृय कर्जा  घटाउन सक्नु सराहनीय रहेको ।
- वार्षिक प्रतिवेदन तयार गर्दा शुद्वा शुद्धिमा विचार पुऱ्याउन आग्रह ।
- वार्षिक प्रतिवेदनमा जोखिम व्यवस्थापन समितिको बैठकको संख्या उल्लेख गर्न सुझाव व्यक्त
- संचालकहरुवाट उठाउन वाँकी रकम उठाउन आग्रह
- भारतवाट आउने विप्रेषणमा ध्यान केन्द्रित गर्न आग्रह
- संचालक तथा व्यवस्थापनका पदाधिकारीहले प्रोक्सी संकलन गर्न आचार संहिता विपरीत हुने भएकोले शेयरधनीहरुलाई स्वयं उपस्थित भई मतदान गर्न आग्रह

### ❖ श्री ईश्वरदास कर्माचार्य

- पूँजी समायोजन कोषमा भएको वढोत्तरी प्रशंसा योग्य रहेको भनाई व्यक्त
- शुल्कमा आधारित आम्दानी तथा गैर कोषमा आधारित व्यवसायमा भएको वृद्धि सकारात्मक रहेको धारणा व्यक्त
- बैंकको आधारदर वढी भएको भन्दै सो घटाउन आग्रह
- विदेशी मुद्रा परिचालनवाट प्राप्त आम्दानी न्यून रहेको भन्दै सो वढाउन आग्रह

### ❖ श्री निरन्जन कुमार टिवरेवाला

- निर्वाचन अघि सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने संचालकको पद खालि नगर्न आग्रह
- आफ्नो ४ वर्षे कार्यकालमा, बैंकको साधारणसभा दशौ अघिनै गर्न सफल भएको, लाभांश हरेक वर्ष दिएको, बैंकको नेटवर्थ, नाफा तथा प्रतिफल वृद्दि भएको भनाई प्रस्तुत गर्दै आफू पुनः निर्वाचित भए बैंकको नाफा २ अर्व पुऱ्याउने घोषणा ।
- बैंकको आफ्नै भवन वन्न नसकेकोमा प्रवन्ध संचालकले सभा समक्ष जवाफ दिनुहुने जानकारी प्रस्तुत
- आफनो कार्यकालमा बैंकको लघु वित्त तथा मर्चेन्ट बैंक खोल्न सुझाव दिएको धारणा प्रस्तुत
- बैंकका कर्मचारीहरुलाई अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी क्षमता विकास गर्न सोचेजति सफलता पाउन नसकेको विचार व्यक्त

### ❖ श्री चन्द्र नारायण श्रेष्ठ

- वासलातको आकार घटेतापनि बैंकले खर्च कटौती गर्न तथा नाफा वृद्दि गर्न सफल भएको धारणा व्यक्त
- संचालकको सेवा तथा सुविधा शेयरधनीलाई दिईएको प्रतिफलको अनुपातमा कायम गर्न आग्रह

### ❖ श्री दिलिप मान श्रेष्ठ

- लाभांश दर हरेक वर्ष वृद्धि गर्न आग्रह
- नगद लाभांश १० प्रतिशत र वोनस शेयर १५ प्रतिशत कायम गर्न सभा समक्ष प्रस्ताव
- सवारी साधन कर्जा प्रवाह प्रक्रिया सरल बनाउन आग्रह
- बैंकको कर्जामा लिने व्याज उच्च रहेको भन्दै अन्य बैंकहरुले आफ्नो व्यवसाय अधिक वृद्धि गरेको भनाई व्यक्त
- शाखा विस्तारको क्रमलाई निरन्तरता दिन आग्रह
- शाखामा कर्मचारी कम भएकोले काममा ढिलाई भएको भनाई प्रस्तुत
- बैंकलाई क्रेडिट कार्ड व्यवसाय शुरु गर्न आग्रह
- व्यवसाय प्रवर्द्धनका कृयाकलापमा ध्यान दिन आग्रह
- बैंकको भवन नवनेकोमा जिज्ञासा व्यक्त

❖ **श्री डमरु वल्लभ घिमिरे**

- २२ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिदै अरु बैंकहरुले दिएको प्रतिफल तथा बैंकले २१ वर्ष पूरा गरिसकेको परिप्रेक्ष्यमा प्रतिफल वृद्धि गर्न आग्रह
- वार्षिक प्रतिवेदनमा धेरै गल्ती रहेका भन्दै आर्थिक वातावरण तथा बैंकिङ्ग उद्योग सम्वन्धी विवरण दिन आवश्यक नरहेको भनाई प्रस्तुत
- बैंक स्थापनाको २१ वर्ष सम्म पनि प्रधान कार्यालय नभएको सम्वन्धमा जिज्ञासा व्यक्त
- बैंक मर्जरमा नजानुको कारण माग्दै भावी योजनाको सम्वन्धमा जिज्ञासा व्यक्त
- संचालकको भत्ता रु.१०००० पर्याप्त रहेको भन्दै भत्ता वृद्धि सम्वन्धि प्रस्तावमा पुनर्विचार गर्न आग्रह
- प्रोक्सी दिने परिपाटीले निष्पक्ष निर्वाचन प्रकृया प्रभावित हुने भएकोले प्रोक्सी व्यवस्था खारेज गर्न माग

❖ **श्री वाल कृष्ण श्रेष्ठ**

- बैंकिङ्ग व्यवसायसंग सम्वन्धित २६ वर्षे अनुभवले आफ्नो कार्यकालमा यस बैंकमा धेरै सुधार ल्याउन सफल भएको धारणा व्यक्त
- आफनो विगत ८ वर्षे कार्यकालमा एक वर्ष वाहेक अन्य सवै वर्षहरुमा लाभांश वितरण गर्न बैंक सफल भएको जानकारी प्रस्तुत
- आफू विजयी भएमा शेयरधनीलाई दिने प्रतिफल निश्चित रुपमा वृद्धि गर्ने प्रतिवद्धता व्यक्त
- कर्मचारीहरु बैंकको सम्पत्ती भएको धारणा व्यक्त गर्दै आफ्नो कार्यकालमा कर्मचारीहरुको हितको लागि समेत धेरै कार्य गरेको जानकारी प्रस्तुत ।
- एसबिआईको सहायक कम्पनी भएको कारण यस बैंकमा धेरै सम्भाव्यता भएको विचार व्यक्त

❖ **मेजर कुबेर बहादुर श्रेष्ठ**

- Thanked the Management team for the return.



NEPAL SBI BANK LTD. KTM

- Advised the Management to make a plan to achieve Profit target of Rs. 125 crores, deposit Rs. 7500 crore next year.
- Customer base to be increased to 10 lakh.
- Appreciated the management for NPA reduction and increase on reserve & surplus
- Questioned for down on Interest income
- Enquired about the Draft case.
- Suggested the Bank to explore for bringing religious tourists from India.
- Expedite your CSR activities for the utilization of water resource, employment, education etc.
- Expressed his desire of more returns next year.

❖ **श्री रोजकुमार श्रेष्ठ**

- निक्षेप अधिक घट्नुको औचित्य प्रष्ट गर्नुपर्ने धारणा व्यक्त
- राष्ट्र बैंकले हालै जारी गरेको बैंकिङ्ग सेवा शुल्क सम्वन्धि परिपत्रले बैंकको अन्य आम्दानीमा पार्न सक्ने प्रभावको सम्वन्धमा जानकारी माग
- राष्ट्र बैंकको निर्देशन वमोजिम बैंकको व्याज अन्तर ५ प्रतिशत सम्म कायम गर्न सकिने अवस्था हुँदा हुँदै ३.५४ प्रतिशत मात्र भएकोमा जानकारी माग
- संचालकवाट असूल गर्नुपर्ने गरी बैंकले रकम भुक्तानी गरेको सम्वन्धामा जिज्ञासा व्यक्त
- समग्रमा बैंकले राम्रो प्रगति गरिरहेको धारणा व्यक्त

❖ **श्री उत्तम पाठक**

- संचालकको भत्ता ५० प्रतिशतले वृद्धि गर्ने प्रस्ताव अस्वीकृत गर्न सभालाई आग्रह
- पिई रेसियो ३६ हुनुले बैंकको शेयर अधिक मूल्यांकन गरेको धारणा व्यक्त
- अधिक पूँजी पर्याप्तताले बैंकको नाफालाई असर गरेको धारणा व्यक्त

❖ **श्री तिर्थ सिद्धि तुलाधर**

- शेयरधनीलाई राम्रो प्रतिफल दिएकोमा धन्यवाद व्यक्त ।

❖ **श्री राम गोपाल महर्जन**

- बैंकले आफ्नो प्रोडक्टको जानकारी साधारणसभाको व्यानरमा राखिएकोमा जिज्ञासा व्यक्त गर्दै त्यसलाई अन्यत्रै राख्न सकिने धारणा व्यक्त
- शेयरमा लगानी गर्न उचित ध्यान दिन आग्रह
- संचालकवाट उठाउन वाँकी रकमको प्रगतिको सम्वन्धमा जिज्ञासा व्यक्त
- नयाँ शाखा खोल्नुअघि हाल भई रहेका शाखाहरुको उचित व्यवस्थापन गर्न आग्रह

❖ **श्री लवराज जोशी**





- बैंक भारतको सबैभन्दा ठूलो एस.बि.आई बैंकको हिस्सा भएकोले सोवाट लाभ लिन सकिने धारणा व्यक्त
- साधारण सभा ढिला भएकोमा जिज्ञासा व्यक्त गर्दै आगामी वर्ष निर्धारित मिति भित्रै गर्न आग्रह
- भुक्तानी नभएको लाभांश वितरणको उचित व्यवस्था गर्न आग्रह ।
- बैंकका कर्मचारीहरु कामप्रति समर्पित तथा जिम्मेवार रहेको भनाई व्यक्त ।

**अनुसूची २**

## संचालक निर्वाचन कार्यक्रम

♦ सभाका सभाध्यक्षले निर्वाचन कार्यक्रम शुरु गर्न निर्वाचन अधिकृत श्री दामोदर खड्कालाई अनुरोध गर्नुभएपश्चात निर्वाचन अधिकृत मञ्चमा आई निर्वाचन कार्यक्रम, मतदान शुरु तथा अन्त्य हुने समय, मतदान गर्ने तरिका, मतपेटिका, मत सदर बदर हुने अवस्थालगायत निर्वाचन तथा मतदान सम्बन्धी विविध विषयहरुका सम्बन्धमा सभालाई विस्तृत रुपमा जानकारी गराउनुभयो । वहाँले सम्पूर्ण मतदातालाई लामबद्ध भई मतदानका लागि तयार रहन आग्रह गर्दै श्री निरञ्जनकुमार टिबरेवाला, श्री बालकृष्ण श्रेष्ठ, श्री संजय कुमार सुरेका र श्री लभराज जोशी उम्मेदवार रहनुभएको जानकारी सभालाई दिनुभयो । निर्वाचनको लागि अडिटोरियमा हल तथा सँगैको लवि समेतलाई मतदान क्षेत्र तोकिएकोले सो ठाउँमा प्रचारप्रसार निषेध गरिएको जानकारी गराउँदै बैंकको छाप, निर्वाचन अधिकृतको सही र सम्वन्धित मतदान अधिकृतको सही नभएको मत्रपत्रलाई मान्यता नदिईने बेहोरा जानकारी गराउनुभयो । साथै च्यातियका मतपत्र तथा अन्य चिन्ह लगाएका मतपत्रलाई समेत मान्यता नदिईने वेहोरा जानकारी गराउनुभयो । मतदानको लागि ७ वटा काउन्टरको व्यवस्था गरिएको जसमध्ये ६ वटा काउन्टरवाट सर्वसाधारण शेयरधनीले मत्रपत्र प्राप्त गर्न सक्ने र एउटा काउन्टरवाट प्रोक्सी लिने शेयरधनीहरुलाई मत्रपत्र दिइने वेहोरा जानकारी दिनुभयो ।

♦ ठीक ४.५० बजे निर्वाचन अधिकृतले मतदानको कार्य शुरु भएको घोषणा गर्दै ठिक ६.५० बजेभित्र मतदान केन्द्रभित्र प्रवेश गरिसक्ने मतदातालाई मात्र मतदानमा समावेश गराइने जानकारी गराउनुभयो ।

♦ निर्वाचन अधिकृतबाट मतदानको समयको घोषणा भएपश्चात् सभामा उपस्थित मतदाताहरु लामबद्ध भई मतदानमा सरिक हुनुभयो ।

♦ निर्वाचन अधिकृतले ठिक ६.५० बजे पछि त्यस बेला सम्ममा मतदान केन्द्रभित्र प्रवेश गरिसक्नुभएका मतदाता बाहेक अन्य कसैले मतदान गर्न नपाउने घोषणा गर्दै सभाकक्षको प्रवेशद्वार बन्द गर्न सुरक्षाकर्मीलाई आदेश गर्नुभयो । तोकिएको समयभित्र मतदान केन्द्रमा प्रवेश गरिसक्ने मतदाताहरुबाट साँझ ६.५५ बजेभित्र मतदान गर्ने कार्य सम्पन्न भयो ।



NEPAL SBI BANK LTD. KTM

♦ तत्पश्चात् खानाको लागि विश्राम पश्चात साँझ करिब ८ बजे उम्मेदवारका प्रतिनिधिहरु समेतको रोहबरमा निर्वाचन अधिकृतले मतगणना कार्य शुरु गर्नुभयो । रातको करिब ९:३० बजे मतगणना कार्य समाप्त भयो ।

♦ मतगणनाको कार्य सम्पन्न भएपश्चात निर्वाचन अधिकृतले मञ्चमा आई आज सम्पन्न भएको संचालकहरुको निर्वाचनमा प्रत्येक उमेदवारले प्राप्त गर्नुभएको मतको जानकारी गराउनुभयो ।

<u>अनुसूची ३</u>

## संचालक निर्वाचनको मतगणना तालिका

नेपाल एसबिआई बैंकका सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने दुई जना संचालकको आज मिति २०७१/१०/१४ गते समय रात्रीको ९:३० बजे त्रिभुवन आर्मी अफिर्सस क्लब, भद्रकाली, काठमार्डौमा सम्पन्न्न निर्वाचनको मतगणना गर्दा निम्न उम्मेदवारले निम्न बमोजिम मत प्राप्त गर्नुभएको छ ।

| **सि.नं.** | **उम्मेदवार** | **प्राप्त मत (अङ्क/अक्षरमा)** | **उम्मेदवार/प्रतिनीधिको सही** | **कैफियत** |
|---|---|---|---|---|
| **१.** | श्री लवराज जोशी | ११ृ१७ (एक हजार एक सय सत्र) | .द. | **-** |
| १. | श्री संजय कुमार सुरेका | २५,५४,७६७ (पच्चिस लाख चवन्न हजार सात सय सत्तसठ्ठी) | .द. | **निर्वाचित** |
| २. | श्री बाल कृष्ण श्रेष्ठ | २१,४२,०७६ (एक्काई लाख बयालिस हजार छयत्तर) | .द. | **-** |
| ३. | श्री निरन्जन कुमार टिवरेवाल | २७,८४,७४६(सत्ताईस लाख चौरासी हजार सात सय छयालिस) | .द. | **निर्वाचित** |

.द.

श्री दामोदर खड्का
निर्वाचन अधिकृत
२०७१/१०/१४



